आज मिति २०७७/०१/१८ मा सातै प्रदेशका सार्वजनिक लेखा समितिका माननीय सभापतिज्यू र सचिवहरुबिच गण्डकी प्रदेश सभा, सार्वजनिक लेखा समितिका सभापति माननीय श्री कुमार खड्काज्यूको अध्यक्षतामा भएको भिडियो कन्फ्रेन्सबाट प्राप्त निष्कर्ष–

१. प्रत्येक प्रदेशमा खाद्यान्न, औषधी तथा अत्यावश्यक वस्तुहरुको पर्याप्त भण्डारण गर्ने तथा राहत वितरण गर्दा वस्तुगत तथ्याङ्कको आधारमा लक्षित वर्गलाई सम्बोधन हुने गरी वैज्ञानिक रुपले वितरण गर्ने।

२. RDT किट परिक्षण पूर्ण रुपमा बन्द गरी प्रत्येक जिल्लामा PCR Test मेसिनको व्यवस्था गरी व्यापक परिक्षण गर्नुपर्ने।

३. खुल्ला सिमा/नाका भएका अन्तर्राष्ट्रिय सिमा/नाका तथा अन्तर्राष्ट्रिय हवाइ उडान पूर्ण रुपमा बन्द गर्दै देशमा ग्रिनजोन, यल्लो जोन, रेड जोन वर्गीकरण गरी सामाजिक दुरी कायम गर्दै जनजीवन सामान्य हुने गरी आन्तरिक रुपमा लकडाउन खुकुलो पार्ने।

४. कोभिड–१९ को सन्दर्भमा स्वास्थ्य सामग्री खरिद, राहत वितरण लगायत सरकारी सम्पत्ति व्यय हुने गरी गरिने प्रत्येक आर्थिक क्रियाकलापमा अनियमित कार्यमा संलग्न सबैलाई कानुनको दायरामा ल्याई कारवाहीको प्रक्रिया थाल्नु पर्ने।

५. कोभिड–१९ बाहेक अन्य बिरामीको लागि नियमित स्वास्थ्य सेवा सुचारु हुनु पर्ने। कोभिड–१९ को लागि मात्र अलग्गै विशेष अस्पतालको व्यवस्था गर्नु पर्ने।

६. प्रत्येक जिल्लामा कम्तिमा १०० बेडको आइसोलेशन र क्वारेन्टाइनको व्यवस्था गर्नु पर्ने।

७. कोभिड–१९ महामारी नियन्त्रणका लागि अग्र मोर्चामा रहेर खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलाई आवश्यक सुरक्षा पहिरन, मास्क, स्यानिटाइजर उपलब्ध गराई उत्प्रेरणाको व्यवस्था गर्नु पर्ने।

८. विदेशमा अलपत्र रहेका नेपालीलाई सुरक्षित रुपले उद्धार गरी स्वदेश फर्काउने व्यवस्था गर्नु पर्ने।

९. सार्वजनिक खरिद, निर्माण कार्य आदि गर्दा पारदर्शिता अपनाई यथा समयमा खर्च तथा सम्पन्न गर्नु पर्ने।

१०. कोभिड–१९ जस्ता राष्ट्रिय संकटको अवस्थामा प्रदेश सभा सदस्य तथा प्रदेश सरकारलाई परिचालन गर्ने भूमिका बढाइनु पर्ने।